फुङलिङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
फुङलिङ, ताप्लेजुङ
२०७३

पत्र संख्याः- ०७५/७६ (१ नं. प्रदेश,नेपाल)
चलानी नं ४६६
मिति :२०७५।०८।२८

## राशन खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सुचना

### प्रथम पटक प्रकाशित मिति: २०७५।०९।०१

यस फुङलिङ नगरपालिका अन्तर्गत जिल्ला अस्पतालमा दैनिक बेड भर्ना भई बस्ने बिरामीहरुको लागि २०७५ माघ १ गते देखि २०७६ पौष मसान्तसम्म १ (एक) वर्षको लागि राशन खुवाउन ठेक्का पट्टा द्वारा बन्दोबस्त गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । तपशिल अनुसार तोकिएको शर्तमा रही राशन खुवाउन इच्छुक व्यक्ति वा फर्मले बोलपत्र फारममा रु· १०।- को टिकट टाँस गरी सिलबन्दी बोलपत्र पेश गर्न हुन आह्वान गरिन्छ ।

तपशिल

१· बोलपत्र फारम रु· १०००।- (फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजश्व फाँटबाट खरिद गर्न सकिने छ ।

२· बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति २०७५।०९।१५ गते सम्म वा सो दिन सार्वजनिक विदा परेमा सोही दिनको भोलिपल्ट सम्म ।

३· बोलपत्र खरिद गर्दा निम्न कागजातहरुको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने छः-

क) नेपाली नागरिकताको प्रमाणप्रत्र ।

ख) मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र ।

ग) आ·व· २०७४।२०७५ को कर चुक्ता भएको प्रमाणप्रत्र ।

घ) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रतिलिपि ।

ङ) व्यवसाय दर्ताको इजाजत पत्र फर्म संस्था वा कम्पनि दर्ता हुँदा राशन आपुर्ति गर्ने उल्लेख भएको प्रमाणपत्र प्रतिलिपि ।

४· बोलपत्र दाखिला गर्ने अन्तिम मिति, समय र स्थानः- मिति २०७५।०९।१६ गते दिनको १२:०० बजेसम्म फुङलिङ नगर कार्यापालिकाको कार्यालय ताप्लेजुङमा ।

५· कुल लागत अनुमान रु १५६०३७८।८३ भ्याट बाहेक रहेको छ ।

६· बोलपत्र खोलिने अन्तिम मिति २०७५।०९।१६ गते दिनको २:०० बजे फुङलिङ नगर कार्यपालिकाको कार्यालय ताप्लेजुङमा नियम अनुसार खोलिने छ । सम्बन्धित व्यक्ति वा प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७· कुल लागत अनुमानको कम्तिमा २·५% हुन आउने रकम नेपाल बैंक लिमिटेड ताप्लेजुङ स्थित यस फुङलिङ नगरपालिका कार्यालय ताप्लेजुङको खाता नं ०६२०३००००००००३००००००१ धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा जमानत पत्र सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्ने छ । उक्त बोलपत्र जमानतको मान्य अवधि कम्तिमा ९० दिनको हुनुपर्ने छ ।

८· राशनको नमूना बोलपत्र पेश गर्दा अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

९· बोलपत्रमा अंक र अक्षरमा लेखेको व्यहोरा फरक परेमा घटि कुन घटि हुन्छ त्यसैलाई मान्यता दिइनेछ ।

१०· जिन्सी राशन यस जिल्ला अस्पतालमा भर्ना भएका बिरामीहरुलाई व्यवसायीले आफ्नो तर्फबाटै ढुवानी गराई वितरण गर्नुपर्ने छ ।

फुङलिङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
फुङलिङ, ताप्लेजुङ
१ नं. प्रदेश
२०७३

११· कुनै कारणबश बजेट निकासा ढिलो भई रकम उपलब्ध हुन नसकै पनि राशन खाने बिरामीहरुलाई सकारकर्ताले राशन उपलब्ध गराउनुपर्ने छ ।

१२· राशन ठेक्का स्वीकृत भएका बोलपत्रदातालाई सोको जानकारी गराइने छ र कबोल अंकले मु·अ·कर समेत ५%(प्रतिशत) ले हुन आउने धरौटी रकम दाखिला गरेको सक्कलै भौचर वा सो बरावरको बैंक जमानत साथ १५(प्रन्ध्र) दिनभित्र सम्झौता गर्न आई सक्नुपर्ने छ ।

१३· स्वीकृत भएको राशन आपूर्तिकर्ताले नमुना बमोजिम बोल पत्रदातालाई खुवाउन नसकेमा वा यस फुङलिङ नगरकार्यापालिका राशन सप्लाई गर्न नसकी राशन खुवाउने कार्यमा बाधा अड्चन गरेमा उपर प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार कारबाही हुनेछ ।

१४· कार्यालयमा दर्ता हुन आएको बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार कार्यालयमा पूर्णरुपमा सुरक्षित रहने छ ।

प्रमुख प्रशासकीय अधिकृत
फुङलिङ नगरपालिका कार्यालय
(श्रवण कुमार पोखरेल)
प्रमुख प्रशासकीय अधिकृत